# तेह्रथुम जिल्ला अदालत

म्याङलुङ, तेह्रथुम
(प्रशासन शाखा)

फोन नं. ०२६-४६०१९५

**Email:** info.dctehrathum@supremecourt.gov.np
**Website:** www.supremecourt.gov.np


प.सं.: ०७७/७८
च.नं.

१ नं. प्रदेश,नेपाल
मितिः-२०७८।०२।०९

## सूचना ! सूचना !! सूचना !!!

उपर्युक्त सम्बन्धमा नोवल कोरोना भाईरस (कोभिड-१९) को नयाँ भेरियन्ट नेपालभरी फैलिरहेको र यस जिल्लामा समेत त्यसको संक्रमण तिब्रगतिमा फैलिरहेको सन्दर्भमा त्यसको प्रभावबाट रोकथामका लागि मिति २०७८।०१।२३ गतेको बार बेन्च बैठकको सिफारिस अनुसार यस अदालतबाट प्रदान गरिदै आएको सेवा मिति २०७८।०१।२७ गतेबाट मिति २०७८।०२।०७ गतेसम्म संकुचन गरिएकोमा हाल जिल्ला भर कोरोनाको संक्रमण बढ्दै गएको अवस्था, स्थानीय स्तरमा म्याङलुङ नगरपालिकाले अति आवश्यक बाहेकका यातायात सेवा बन्द गरेको तथा जिल्ला प्रशासन कार्यालय, तेह्रथुमले मिति २०७८।०२।०७ गतेदेखि २०७८।०२।१४ गतेसम्म जिल्लाभर लागू हुने गरी निषेधाज्ञा जारी गरेको र स्थानिय परिस्थिति, जोखिमको अवस्थाको मुल्यांकनका आधारमा उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको ब्यवस्थापन सम्बन्धित अदालतले मिलाउने गरी सम्मानित सर्वोच्च अदालतको मिति २०७८ वैशाख १४ को पूर्ण बैठकबाट निर्णय भएको व्यहोरा सम्मानित सर्वोच्च अदालतको मिति २०७८।०१।१४ गतेको प्रेस विज्ञप्तीबाट देखिएको हुँदा यस अदालतबाट प्रदान गरिदै आएको सेवा मध्ये मिति २०७८ साल जेठ ०९ गतेदेखि निषेधाज्ञा कायम रहुन्जेलसम्म तपसिल बमोजिमको सेवामात्र प्रवाह गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै यस सूचना सम्बन्धमा कुनै दुविधा भए यस अदालतको फोन नं. ०२६-४६०१९५ मा सम्पर्क गरी जानकारी लिन सकिने छ।

तपसिल

१. बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई।
२. पक्राउ पूर्जीको अनुमति, जरुरी पक्राउ पूर्जीको समर्थन, म्याद थप र कल डिटेल संम्बन्धी अनुमति दिने कार्य ।
३. अभियोग पत्रको दर्ता, अभियुक्तको वयान लिने र थुनछेक सम्बन्धी कार्य।
४. सेवा स्थगन गरिएको अवधिको हदम्याद, म्याद र तारिख नगुज्रिने ।
५. श्री सर्वोच्च अदालतबाट निर्देश भए बमोजिम अन्य कार्य।

२०७८/०२/०९

पारसमणि पोखरेल
स्रेस्तेदार (उप-सचिव)